# सन् २०२० मा हुन गइरहेको जनगणनामा मैले कसरी जवाफ दिनुपर्छ अनि जनगणनामा मलाई के-के सोधिन्छ ?

NORTH CAROLINA
ASIAN AMERICANS TOGETHER

***www.ncaatogether.org/census***

सन २०२० को जनगणनाले संयुक्त राज्य अमेरिकामा बस्ने सबै मानिसहरूको गणना गर्छ । जनगणना भनेको तपाईंको घर-परिवार र त्यसमा बस्ने मानिसबारे आधारभूत जानकारीहरू सोध्ने सानो प्रश्नावली हो । तपाईंका व्यक्तिगत जवाफहरू गोप्य हुन्छन् र तिनीहरूलाई अध्यागमन अधिकारीहरू, प्रहरी वा आवाससम्बन्धी अधिकारीहरूसहितका अन्य सरकारी अधिकारीहरूलाई दिन सकिँदैन । सरकारले राजनीतिक रूपमा प्रतिनिधित्वको बाँडफाँड र संसाधनहरू कहाँ खर्च गर्ने भन्ने निर्धारण गर्न जनसंख्याको गणनालाई प्रयोग गर्छ ।

## मैले जनगणनामा कसरी जवाफ दिने ?

मार्च २०२० मा, जनगणना विभागले घर-परिवारहरूलाई जनगणनामा सहभागी हुन निमन्त्रणा गर्दै हुलाकमार्फत जानकारी पठाउनेछ । जनगणनामा सहभागी हुने तीन तरिकाहरू छन्:

| | |
|---|---|
| **अनलाइन** | पहिलोपटक, तपाईंले अनलाइनमा आफ्नो जनगणना फाराम भर्न सक्नुहुन्छ । अधिकांश घर-परिवारहरूले अनलाइनमा जवाफ दिनका लागि घरको भिन्दै किसिम को आइडी र जनगणना विभागको आधिकारिक वेबसाइट ठेगाना भएको निमन्त्रणा-पत्र प्राप्त गर्नुहुनेछ ।<br><br>*अंग्रेजीभाषा बाहेकका चिनियाँ (सरलीकृत पारिएको), जापानी, कोरियाली, तागालग र भियतनामीसहितका १२ वटा गैर-अङ्ग्रेजी भाषामा आफैंले इन्टरनेटबाट जवाफ दिने फाराम उपलब्ध छ ।* |
| **फोन** | जनगणना प्रश्नावली सहायताको फोनमा फोन गरेर तपाईंले प्रश्नहरू सोध्न र फोनबाट नै जनगणनाका जवाफ दिन सक्नुहुन्छ ।<br><br>*अंग्रेजी भाषालगायत चिनियाँ (मन्डारिन र क्यान्टोनिज), जापानी, कोरियाली, तागालोग र भियतनामीसहितका १२ वटा अन्य भाषाहरूमा फोनमार्फत सहायता लिने व्यवस्था मिलाइएको छ । फोनकर्ताले जनगणनाबारे थप जानकारी प्राप्त गर्न, प्रश्नहरू सोध्न र फोनबाट जनगणना फाराममा जवाफहरू दिनका लागि जनगणना विभागले* |

| | |
|---|---|
| | *हरेक भाषामा उपलब्ध गराएको निश्चित टोल फ्री (पैसा नलाग्ने) फोन नम्बरमार्फत गर्न सक्नुहुन्छ ।* |
| **कागज** | तपाईंले कागजी फारामबाट जनगणनाका प्रश्नहरूको जवाफ दिन सक्नुहुन्छ । केही घरहरूमा, अर्थात लगभग ५ वटा मध्ये एउटा, घरले हुलाकमार्फत पहिलोपटक जनगणना फाराम प्राप्त गर्नेछ तर तपाईंलाई पनि यस्तै कागजी फाराम चाहिएमा जनगणना प्रश्नावली सहायताको फोनमा फोन गरेर अनुरोध गर्न सक्नुहुन्छ ।<br><br>*जनगणनाको कागजी फाराम अङ्ग्रेजी र स्पेनिस भाषामा मात्र उपलब्ध छ ।* |

## मैले जनगणनामा कहिले जवाफ दिन्छु ?

जनगणना विभागले मानिसहरूलाई जनगणनाको जवाफ दिनका लागि जानकारीहरू पटक-पटक हुलाकबाट पठाउनेछ:

| | |
|---|---|
| मार्च १२-२० | जनगणना विभागले घरपरिवारहरूलाई जनगणनामा सहभागिता जनाउन तीन पटक छुट्टाछुट्टै पत्राचार गरी निमन्त्रणाहरू पठाउनेछ । |
| मार्च १६-२४ | जनगणनामा सहभागी नभएका घरपरिवारहरूलाई पुन:स्मरण पत्रहरू पठाइनेछ । |
| मार्च २६-अप्रिल ३ | जनगणनामा सहभागी नभएका घरपरिवारहरूलाई पुन:स्मरण पोस्टकार्डहरू पठाइनेछ । |
| अप्रिल ८-१६ | जनगणनामा सहभागी नभएका घरपरिवारहरूलाई पुन:स्मरण पत्रहरू र कागजी फारामहरू पठाइनेछ । |
| अप्रिल २०-२७ | अन्तिम पटकको पुन:स्मरण पोस्टकार्डहरू पठाइनेछ । |
| मे १३ | जनगणना विभागका कर्मचारीहरूले जनगणनामा सहभागी नभएका घर-परिवारकहाँ गएर भेट गर्न शुरू गर्नुहुनेछ । |

## सन २०२० मा हुने जनगणनाले मलाई के कुरा सोध्नेछ ?

सन २०२० को जनगणना पूरा गर्न केही मिनेट मात्र लाग्नेछ र तलका प्रश्नहरू सोधिने छ ।

**सन २०२० को जनगणनाले तपाईंलाई तपाईंको घर-परिवारको बारेमा सोध्नेछ ।**

| | |
|---|---|
| अप्रिल १ मा तपाईंको घरमा बस्ने वा रहने मानिसहरूको संख्या । | *तपाईंसम्बन्धी नभए तापनि, तपाईंको घरमा बस्ने सबै जनालाई समावेश गर्नुहोस् । जनगणनाले सानो बालबालिका, गैर-नागरिक, घरबहालमा बस्नेहरू - सबैजनासहित संयुक्त राज्य अमेरिकामा बस्ने सबै मानिसको गणना गर्छ ।* |
| तपाईंको घर आफ्नै हो वा भाडामा लिनुभएको हो ? | *तपाईंको घर आफ्नै हो वा भाडामा लिनुभएको के हो उत्तर दिनुहोस् ।* |
| टेलिफोन नम्बर | *जनगणना विभागले तपाईंको फोन नम्बरलाई जनगणना विभागको आधिकारिक कामका लागि आवश्यक भएमा मात्र प्रयोग गर्नेछ ।* |

**सन २०२० को जनगणनाले तपाईंको घर-परिवारमा बस्ने हरेक मानिसबारे सोध्नेछ ।**

| | |
|---|---|
| नाम, उमेर, जन्म-मिति र लिङ्ग | *प्रत्येक व्यक्तिको नाम, उमेर र जन्म-मिति भर्नुहोस् । कृपया लिङ्गका लागि जनगणना विभागले पुरूष र महिलामात्र भएको विकल्प उपलब्ध गराउँछ भन्ने ध्यान दिनुहोस् ।* |
| फाराम भर्ने मानिससँगको सम्बन्ध | *जीवनसाथी (समान वा विपरित लिङ्गी), दाजुभाइ वा दिदीबहिनी, आमाबुवा, कोठामा सँगै बस्ने साथी वा अन्य भनेर दिइएको सम्बन्धहरूको सूचीबाट तपाईंले छान्न सक्नुहुन्छ ।* |
| जाति | *तपाईंले एक वा सोभन्दा बढी जातिहरू छनोट गर्न सक्नुहुन्छ । यदि तपाईं बहुजातिका रूपमा पहिचान हुनुभयो भने तपाईंले आफ्नो जातीय समूहहरूका लागि दिइएका कोष्ठ वा कोष्ठहरूमा चिह्न लगाउन सक्नुहुन्छ र आफ्नो जातीय पृष्ठभूमिसम्बन्धी अतिरिक्त विवरण लेख्न सक्नुहुन्छ ।*<br>*चिह्न लगाउने कोष्ठकमा सबै जातीय समूहहरूको नाम उल्लेख गरिएको हुँदैन । यदि तपाईंको जातीय समूहको नाम लेखिएको छैन भने पनि* |

| | |
|---|---|
| | *तपाईंले आफ्नो जातीय पृष्ठभूमिसम्बन्धी अतिरिक्त विवरणहरू लेख्न सक्नुहुन्छ ।* |
| हिस्प्यानिक मूल | *यसले तपाईं हिस्प्यानिक वा ल्याटिनो के हो भन्ने सोध्नेछ । यसलाई जाति नभई जातीयता मानिन्छ । जाति भनेर लेखिएको कोष्ठमा चिह्न लगाउनुहोस् ।* |

२०२० को जनगणनाले नागरिकताबारे प्रश्न सोध्नेछैन ।

यदि तपाईंको घरमा छ जनाभन्दा बढी व्यक्तिहरू बस्नुहुन्छ भने सातजना वा सो माथिको सामान्य जानकारीहरू मात्र तपाईंले उपलब्ध गराए हुन्छ । सामान्य जानकारीहरूमा नाम, उमेर, जन्म-मिति, लिङ्ग, जाति र फाराम भर्ने व्यक्तिसम्बन्धी हो वा होइन भन्ने जस्ता कुराहरू पर्छन् ।

## सन २०२० को जनगणनाले मलाई के सोध्ने छैन ?

**फारमले तपाईंलाई तपाईंको आप्रवासन वा नागरिकता अवस्थाको बारेमा सोध्नेछैन।**

**फाराममा तपाईंको सामाजिक सुरक्षा नम्बर (सोसियल सेक्युरिटी नम्बर) सोधिने छैन ।**

## मैले सबै प्रश्नहरूको उत्तर दिनुपर्छ ?

संघीय कानुनअनुसार जनगणनामा सबैजना सहभागी हुन र सबै प्रश्नहरूको जवाफ दिन अनिवार्य गरिएको छ । आफ्नो नाम र ठेगाना उपलब्ध गराउने तर एक वा दुईवटा प्रश्न छोड्ने उत्तरदाताहरूलाई पनि गणना गरिनेछ । तपाईंले धेरै प्रश्नहरू छोड्नुभयो या जनगणनाका कुनै पनि प्रश्नको जवाफ दिनुभएन भने यसरी छुट्न पुगेको जानकारी लिनका लागि जनगणनाको कर्मचारी तपाईंको घरमा आउन सक्नुहुन्छ । सबै प्रश्नहरूको सच्चाइका साथ जवाफ दिनुहोस्; जनगणनामा जवाफ दिँदै गर्दा नढाँट्नुहोस् ।

## के मेरा जवाफहरू गोप्य हुन्छन् ?
## के जनगणना २०२० मा जवाफ दिंदा मलाई हानी हुन सक्छ ?

- <u>गोप्यता</u>: जनगणनाका सबै जानकारी गोप्य हुन्छन् । कानुनअनुसार, जनगणना विभागले व्यक्तिगत जानकारीलाई अध्यागमन अधिकारीहरू, अन्य सरकारी निकायहरू र जनसाधारणलगायत कसैलाई पनि दिन सक्दैन । जनगणनाबाट प्राप्त तथ्याङ्कहरू तथा तपाईंले उपलब्ध गराएका जानकारीहरूलाई संघीय कानुनमा भएका गोप्यतासम्बन्धी कठोर कानुनहरूले संरक्षण गरेका छन् ।

- <u>जरिवानाहरू</u>: तपाईंका व्यक्तिगत जानकारीहरूलाई संरक्षण गर्नका लागि जनगणनाका क्रममा तपाईंले उपलब्ध गराएका तथ्याङ्कहरूमा पहुँच भएका जनगणना विभागका प्रत्येक कर्मचारीले जिन्दगी भरिको सपथ खाएका हुन्छन् । यदि कसैले यो कानुनको उल्लंघन गर्दछ भने, यो

संघीय अपराध हो; अधिकतम पाँच वर्षसम्म संघीय जेल सजाय, वा $२५०,००० सम्मको जरिवाना वा दुवै सजाय हुने समेतका गम्भीर किसिमका दण्ड-जरिवानाहरूको व्यवस्था गरिएका छन् ।

- तथ्याङ्कहरूको सुरक्षा: यसका अतिरिक्त, जनगणना विभागले सङ्कलन गरेका जवाफहरूलाई तथ्याङ्कीय प्रयोजनहरूका लागि मात्र प्रयोग गर्न सकिनेछ । जनगणना विभागले समग्र तथ्याङ्कहरूलाई मात्र प्रकाशन गर्छ र कुनै व्यक्ति, व्यवसाय वा संस्थालाई पहिचान गर्ने जानकारीहरूलाई प्रकाशन गर्दैन । जनगणनामा सहभागी भएका व्यक्तिलाई हानी हुने गरी जनगणना विभागले उत्पादन गरेका तथ्याङ्कीय पुञ्जहरू प्रयोग गर्न संघीय, राज्य र स्थानीय सरकारी निकायहरूलाई रोक लगाइएको छ ।

### सन २०२० जनगणना पूरा गर्नका लागि मलाई भाषिक सहायता आवश्यक पऱ्यो भने के गर्ने ?

**अनलाइन:** चिनियाँ (सरलीकृत), जापानी, कोरियाली, तागालोग र भियतनामीसहितका अंग्रेजीबाहेकका १२ वटा अन्य भाषाहरूमा इन्टरनेटबाट स्वचालित जवाफ दिने फाराम उपलब्ध छ ।

**फोन:** अंग्रेजी भाषालगायत चिनियाँ (मन्डारिन र क्यान्टोनिज), जापानी, कोरियाली, तागालोग र भियतनामीसहितका १२ वटा अन्य भाषाहरूमा फोनमार्फत सहायता लिने व्यवस्था मिलाइएको छ । फोनकर्ताले जनगणनाबारे थप जानकारी प्राप्त गर्न, प्रश्नहरू सोध्न र फोनबाट जनगणना फाराममा जवाफहरू दिनका लागि जनगणना विभागले हरेक भाषामा उपलब्ध गराएको निश्चित टोल फ्री (पैसा नलाग्ने) फोन नम्बरमार्फत गर्न सक्नुहुन्छ ।

**कागज:** कागजी फाराम अङ्ग्रेजी र स्पेनिसमा उपलब्ध छ ।

**भाषा सहायता स्रोतहरू:** जनगणना विभागले www.2020census.gov मा राखिने ५९ वटा गैर-अङ्ग्रेजी भाषामा भाषा शब्दावली, भाषा पहिचान कार्ड र भाषा मार्ग-निर्देशनहरू उत्पादन गर्दैछ ।

*तपाईंले समुदायका सदस्यहरू र समुदायमा आधारित संघसंस्थाहरूका लागि तयार पारिएको तथ्यहरूको विवरण लगायतका जनगणनासम्बन्धी थप सामग्रीहरू यो www.countusin2020.org/resources वेबसाइटमा पाउन सक्नुहुन्छ ।*